अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/९/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

सि.न	प्रतिवादी	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरू
१	केशवनन्द बनियाँ र पङ्कज कान्दु ०७९-CR-०११३ २०८०।०९।२२	गैरकानुनी सम्पत्ति आर्जन गरेको।	प्रतिवादी केशवनन्द बनियाँलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुरमा बिगो रू.९१,८६,५४३।३० कायम गरी ऐ ऐनको दफा २०(२) अनुसार बिगो बमोजिम जरिबाना र कैद सजाय तथा ऐ ऐनको दफा २०(२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुन तथा प्रतिवादी पङ्कज कान्दुको नाममा रहेको सम्पत्ति समेत ऐ ऐनको ऐ दफाबमोजिम जफत	**फैसला-** सबैलाई सफाई। **सफाइ दिँदाका आधार-** क) प्रस्तुत मुद्दामा प्रतिवादी केशवनन्द बनियाँको श्रोत नखुलेको रू.९१,८६,५४३.३० रहेको भनी दावी रहेकोमा विवाद नरहेको तथा अभियोग पत्रमा जिल्ला रूपन्देही, साबिक रायपुर-६ स्थित कि.नं. ३६९ मा प्रतिवादीको घरको मूल्य रू.९२,१०,७७०/७८- कायम गरी व्ययतर्फ देखाएकोमा सो घर निजले जग्गा खरिद गर्दाको अवस्थामा नै बनिसकेको भनी जिकीर लिएको र सो तथ्य मिति २०७८/७/२ मा घरको नक्सा पास नियमित गरी प्रमाणित गरेको देखिन आएबाट निज प्रतिवादीको घरको मूल्याङ्कन व्ययमा गणना गर्न नमिलेकाले निजको वैध आय रू.८४,१०,४५१.०६ रहेकोले स्वाभाविक रूपमा निजको आय भन्दा व्यय बढी देखिएको कारण निजको आर्जित सम्पत्ति गैरकानुनी आर्जन गरेको भनी निज प्रतिवादीउपर आरोपदाबी बमोजिमको कसुरमा सजाय गर्न मिलेन। ख) प्रतिवादी पङ्कज बनियाँको हकमा यी	क. प्रतिवादी पङ्कज कान्दुको नाममा जिल्ला रूपन्देही साबिक रायपुर-६ स्थित कित्ता नं.३६९ जग्गा कृपानन्द बनियासँग मिति २०७८।६।१० मा खरिद गर्दा भएको खर्च रू.२० लाख र रजिष्ट्रेशन दस्तुर रू. ४० हजाऱसमेत गरी रू २०,४०,०००।- खर्च भएकोमा उक्त रकम मध्ये रू ७,५३,५५९।५४ (३६.९४%) को स्रोत पुगेको देखिदैन। यसरी फैसलाको प्रकरण ४६ मा अदालतले प्रतिवादीको प्रारम्भिक आयको स्रोत नपुगेको सम्पत्तिबाट बढे बढाएको आम्दानीलाई समेत आय कायम गरी भएको फैसला त्रुटिपूर्ण छ। कित्ता नं.३६९ को जग्गा खरिद गर्दाको बखत खर्च गरेको उक्त रकम जाँच अवधिमा प्रतिवादीले वैधानिक रूपमा आय आर्जन गरेको भन्ने स्रोत पुष्टि गर्न सक्नुपर्छ। माथि उल्लेख भए बमोजिम जग्गा खरिदका लागि रू २०,४०,०००।- खर्च भएकोमा उक्त रकम मध्ये रू ७,५३,५५९।५४ को स्रोत पुगेको वैध रूपमा पुष्टि हुन नसकेको तथा आरोपपत्रको पृष्ठ सं ५४ मा उल्लेख भए बमोजिम उक्त जग्गामा घर निर्माणमा भएको खर्च रू ९२,१०,७७०।७८ मा रू ६०,८१,७६४।३३ स्रोत नपुगेको रकम रही उक्त श्रोत पुष्टि नभएको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति स्वतः जफत हुने व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २९ख ले गरेको पाइन्छ। यसै सन्दर्भमा *"यसरी बढे बढाएको आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसक्दा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७*

			गरी पाऊँ।	प्रतिवादीले आरोपदाबीमा उल्लेख भएका सम्पत्ति आफैले गैरकानुनी रूपमा आर्जन गरेको भनी अभियोजकले दाबी नलिएको; दाबीको सम्पत्ति निजको नाममा रहे भएको देखिए पनि सोको स्रोत निजका बाबु नै हुन्। प्राप्त सम्पत्ति छोरा/छोरीहरूको स्वामित्वमा रहँदैमा कसुर गरी प्राप्त गरेको भनी अनुमान गर्न नसकिने भई बाबुले कुनै कसुरबाट आर्जन गरेका भए पनि सो कसुरको दायित्व कसुर गर्नेले नै बहन गर्नुपर्छ। प्रतिवादी केशवानन्द बनियाँले आर्जन गरेको सम्पत्ति वैध रहेको अवस्थामा निजबाट प्राप्त सम्पत्ति अवैध हो भनी प्रतिवादी पङ्कज बनियाँलाई कसुरमा सजाय गर्नु न्यायोचित नहुने।	*बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढे बढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुन जाने अवस्था सिर्जना हुन आउँछ जुन कानुन सम्मत हुन नसक्ने*" भनी नेपाल सरकार विरूद्ध युवराज शर्मा (ने.का.प. २०६९, नि.नं. ८८८६) भएको मुद्दामा सिद्धान्त प्रतिपादन भएको छ। त्यसैगरी देवेन्द्र डङ्गोल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत भएको गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा (ने.का.प. २०७५, अङ्क १, नि.नं ९९३२) मा "*गैरकानूनी सम्पत्ति आर्जनको मुद्दामा घटना विशेषमा आधारित भ्रष्टाचार मुद्दामा जस्तो अभियोग शङ्कारहित तवरबाट प्रमाणित हुन आवश्यक हुँदैन। यस्ता मुद्दाहरूमा प्रमाणको प्रचुरता (Preponderance of evidence) कता छ सो हेरी अदालत निर्णय निष्कर्षमा पुग्छ। यो नै अस्वाभाविक सम्पत्ति आर्जनको मुद्दाको महत्त्वपूर्ण आयाम हुने तथा अकुत सम्पत्तिमा न्याय निरूपणको क्रममा प्रमाणहरूको प्रचुरता हेर्दा र दोषी वा निर्दोषिताको प्रमाण परीक्षणको आधार मान्दा अभियोगपत्रमा कुन सम्पत्तिलाई स्रोत खुलेको वैध मानिएको रहेछ भन्ने कुराहरूतर्फ पनि अदाललले ध्यान दिई अभियोग पत्र र प्रमाणको समग्रतामा नै निर्णय निष्कर्षमा पुर्‍याउनुपर्छ*" भनी न्यायिक विवेचना भएको पाइन्छ। ख. पङ्कज कान्दुको नाममा रहेको कित्ता नं.३६९ जग्गा राजिनामा पास गरी लिँदा लिखतमा उक्त जग्गामा घर छैन भनी पास गरेको हुँदा निज प्रतिवादीले जग्गाको मात्र कर

					तिरेको देखिएको छ।लिखतमा घर कायम नभएको अवस्थामा उक्त जग्गामा घर भए वापत राज्यले कर रकम नपाएको अवस्था छ।साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०७९।१०।२२ मा इञ्जिनीयर दीपेन्द्र सापकोटाले विभिन्न आधारहरू उल्लेख गरी उक्त जग्गामा भएको घर, कम्पाउण्ड तथा आन्तरिक सजावट फर्निचर आदिको मूल्याङ्कन गरी रु ९२,१०,७७०।७८ कायम भएकोमा उक्त प्रतिवेदनको व्यहोरा निज प्रतिवादीहरूले खण्डन गर्न नसकेको अवस्था रही उक्त जग्गामा पहिल्यै घर रहेको भनी अपत्यारिलो बयान गरेका छन्।यसरी घरको मूल्याङ्कन रु ९२,१०,७७०।७८ कायम गरिएकोमा उक्त घर सहित खरिद गरिएको घरको जम्मा मूल्य रु २०,४०,०००।– मात्र नहुने भन्ने अविश्वसनीय तथ्यतर्फ सुरु अदालतले दृष्टि नदिई गरिएको फैसला त्रुटिपूर्ण छ। ग. गैरकानूनी सम्पन्नता सम्बन्धी कसूरमा अपराधका तत्वहरू कार्य (Actus Reus) र मनसाय (Mens Rea) सम्पत्तिको परिमाण र स्रोतको पुष्टिसँगै अन्तरघुलित रूपमा रहेको मानिन्छ। अर्थात् वैध स्रोत पुष्टि नहुने प्रकृतिको सम्पत्ति रहनु नै आपराधिक कार्य (Actus Reus) र त्यस्तो सम्पत्ति आर्जन गर्दा लुप्त वा जुनसुकै तवरबाट गरिने कार्यमा निहित मनसाय नै दूषित मनसाय (Mens Rea) को रूपमा सन्निहित रहेको मानिन्छ। United Nation Convention Against Corruption, २००३ को धारा २८ मा समेत गैरकानूनी सम्पन्नताको कसूरमा knowledge, intent or purpose required as an element of an offence established in accordance with this convention may be inferred from objective factual circumstance भनी उल्लेख भएको र कुनै पनि व्यक्तिको मनसाय तथ्यात्मक परिस्थिति (factual circumstance) बाट

					अनुमान गर्न सकिन्छ भनी भएको व्यवस्थाले समेत अपराधका तत्वका सापेक्षिक परिभाषा हुनसक्ने भएको देखिन आउँछ। यसरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको कसूरमा सम्बन्धित सार्वजनिक पद धारण गरेको व्यक्तिमात्र कानूनको दायरा भित्र पर्ने नभई निजको घरपरिवारसमेतका व्यक्तिहरू उपर अनुसन्धान तहकिकात गरिन्छ। यसो गर्नुको मूल उद्देश्य घरपरिवारको व्यक्तिहरूले पनि उक्त भ्रष्टाचारजन्य कार्यबाट आर्जित सम्पत्ति आफ्नो नाममा राख्ने वा लुकाई छुपाई गर्न मद्दत गरेको हुन सक्ने वा त्यस्तो भ्रष्टाचारजन्य सम्पत्तिबाट लाभान्वित हुन सक्ने हुँदा परिवार वा शङ्कास्पद व्यक्तिसमेत उपर पनि अनुसन्धानको दायरा बिस्तृत हुन सक्ने हुन्छ। तसर्थ बाबुले कसूर गरी आर्जन गरेको सम्पत्ति लुकाउन मद्दत गर्ने क्रममा प्रतिवादी केशवानन्द बनियाँले आर्जन गरेको सम्पत्ति अवैध रहेको अवस्थामा निजबाट प्राप्त सम्पत्ति प्रतिवादी पङ्कज बनियाँको नाममा रहेकाले निजको हकमा समेत कसूर कायम गरी सजाय गर्नुपर्नेमा सफाइ दिइएको त्रुटिपूर्ण छ। घ. प्रतिवादी केशवनन्द बनियाले अदालत समक्षको बयानको जवाफ ३० मा आफूले उक्त कि.नं. ३६९ मा घर नबनाएको भनेकोमा जग्गा राजिनामाको कागजमा **उक्त जग्गामा घर छैन** भनी उल्लेख गरिएको अवस्था छ। विशेष अदालत ऐन, २०५९ को दफा ७(क) बमोजिम बुझिएका साक्षी कृपानन्द बनियाँले बकपत्र गर्दा, उक्त कि.नं. ३६९ जग्गामा आफैले घर निर्माण गरेको भनी लेखाएको कुरा पत्यारलायक देखिन्न। अनुसन्धानको क्रममा प्रतिवादी केशवनन्द बनियाँलाई घर बनाउँदै गर्नू भनेकोमा बकपत्रको क्रममा निजले जवाफ

					१० मा आफूलाई उक्त कुरा याद नभएको भनी अपत्यारिलो तथ्य उल्लेख गरेका छन्।जग्गाको लिखतमा मिति २०७८।६।१० मा **घर छैन** लेखिएको र मिति २०७८।७।२ मा घरको नक्सा पास नियमित गरिएको तथ्य उल्लेख गर्ने अदालतले अनुसन्धानको क्रममा प्रतिवादीद्वय केशवनन्द बनियाँ र पङ्कज कान्दुले बयान गर्दा उक्त कित्ता नं मा २०७७ असार साउनबाटै घर बनाउन सुरु गरेको भनी लेखाएको अर्थात् उक्त जग्गामा प्रतिवादी केशवनन्द बनियाँले पहिल्यै घर बनाइसकेको तथ्य तर्फ दृष्टि नदिई गरेको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।